**आकाशवाणी समाचार- नेपाली**

मितिः ३१ मार्च २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

**महावीर जयंती**

देशमा आज जैन धर्मका 24 औ अनि अंतिम तीर्थंकर, भगवान महावीरको जयंती मनाईदैछ। आजको दिन भगवान महावीरको विशेष प्रार्थना गरिन्छ अनि रथयात्रा निकालीन्छ। यस पर्वले करूणा, संयम तथा सत्यको व्रत पालन गर्ने संदेश दिन्छ।

राष्ट्रपति द्रौपदी मुर्मुले आज महावीर जयंतीको अवसरमा देशवासि अनि विशेष जैन समुदायका मानिसहरुलाई शुभकामना दिनु भएकोछ। श्रीमती मुर्मुले आफ्नो संदेशमा भन्नु भएको छ भगवान महावीरको पांच सिद्धांत-अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह-ले जीवनमा सत्य पथमा हिड्न प्रेरित गर्दछ। राष्ट्रपतिले भन्नु भएको छ यी सिद्धांतहरुलाई अपनाएर नागरिकहरुले आफ्नो जीवनलाई सार्थक बनाउन सक्नेछन् र समाजमा सकारात्मक बदलाव ल्याउन सक्नेछन्। श्रीमती मुर्मुले भगवान महावीरले समाजमा व्याप्त कुसंस्कार विरुद्ध आवाज उठाउनु भयो अनि सुद्रिड जीवनको मार्ग प्रशस्त गरेको र उहाँको शिक्षाहरु सधैव प्रासंगिक रहने बताउनु भयो।

**राष्ट्रपति बिहार-कर्नाटक दौरा**

राष्ट्रपति द्रौपदी मुर्मु आज देखि बिहार अनि कर्नाटकको भ्रमणमा रहनु हुनेछ। श्रीमती मुर्मु आज बिहारको राजगीरमा नालंदा विश्वविद्यालयको दीक्षांत समारोहमा शामिल हुनु हुनेछ।

भोली, राष्ट्रपतिको कर्नाटकको तुमकुरुमा श्री सिद्धगंगा मठमा डॉ. श्री श्री शिवकुमार महास्वामीजीको 119 औं जन्मदिन अनि गुरुवंदना समारोहमा भाग लिने कार्यक्रम रहेको छ।

**प्रधानमंत्री-गुजरात दौरा**

प्रधानमंत्री नरेंद्र मोदी आज एक दिवसीय गुजरात भ्रमणमा रहनु हुनेछ। प्रधानमंत्रीले गांधीनगरमा **सम्राट संप्रति** संग्रहालयको उद्घाटन गर्नु हुनेछ। यस पछि उहाँले अहमदाबादको सानंद स्थित **केयन्स सेमीकॉन प्लांटको** उद्घाटन गर्नु हुनेछ अनि एक जनसभालाई संबोधित गर्नु हुनेछ। त्यस पछि उहाँ **वाव-थराद जानुहुनेछ**,

अनि लगभग 20 हजार करोड़ रुपियाको कैयन विकास परियोजनाहरुको आधारशिला राख्नु हुनेछ अनि राष्ट्रलाई समर्पित गर्नु हुनेछ। हमारे संवाददाताको एक रिपोर्ट:

**उत्तराखंड-चार धाम यात्रा**

उत्तराखंडमा चार धाम यात्राको वाणिज्यिक यात्री वाहनहरुको लागि "ग्रीन कार्ड प्रणाली" शुरू भएको छ। सुचारू अनि सुरक्षित संचालन सुनिश्चित गर्नको लागि प्रणाली शुरू गरिएको हो। परिवहन मंत्री प्रदीप बत्राके हिज हरिद्वार जिल्लाको रोशनबादमा यसको उद्घाटन गर्नु भयो।

ग्रीन कार्ड प्रणाली, यात्रामा शामिल वाणिज्यिक वाहनहरुको तकनीकी क्षमता र सुरक्षा सुनिश्चित गर्नेछ। यसले, आपात स्थितिमा वाहन सित संबंधित सबै आवश्यक जानकारी त्वरित प्राप्त हुनेछ।

परिवहन विभाग अनुसार, वाहनका मालिकले, विभागको आधिकारिक वेबसाइटको माध्यमले ऑनलाइन आवेदन गर्न सक्ने छन् अनि निर्धारित शुल्कको भुगतान गर्न सक्नेछन् । यस पछि, निकटतम परिवहन कार्यालयमा वाहनको तकनीकी निरीक्षण पछि ग्रीन कार्ड जारी गरिनेछ ।

**प्रधानमंत्री - नीदरलैंड के प्रधानमंत्री**

प्रधानमंत्री नरेन्द्र मोदीले हिज नीदरलैंड्सका प्रधानमंत्री रॉब जेटेनसित टेलीफोन मार्फत बातचीत गर्नुभयो। सोशल मीडिया पोस्टमा मोदीले भन्नुभयो यस अवधि, भारत-नीदरलैंड संबंधहरुलाई अझ बलियो बनाउने उपायहरुमा चर्चा भयो। दुइ नेताहरु बीच, सेमीकंडक्टर, व्यापक जल परियोजनाहरु, हरित हाइड्रोजन अनि दुवै देशको विकासका लागि प्रतिभावान मानिसहरुको परस्पर आवाजाही जस्ता क्षेत्रमा साझेदारी बढ़ाउनेमा चर्चा भयो। श्री मोदीले बताउनु भयो बातचीतमा पश्चिम एशियाको स्थितिमा पनि विचार-विमर्श भयो अनि क्षेत्रमा शांति अनि स्थिरतालाई शीघ्र बहालीको आवश्यकतामाथि बल दिइएको छ।

**नागरिक उड्डयन महानिदेशालय**

नागर विमानन महानिदेशालय-डी.जी.सी.ए. अनि गति शक्ति विश्वविद्यालय-जी.एस.वीले आज विमानन इंजीनियरिंग र विमानन प्रबंधन सहित विमाननको व्यापक क्षेत्रहरुमा युवाहरुलाई प्रशिक्षण दिन एक समझौता ज्ञापनमा हस्ताक्षर गरेको छ । नागर विमानन मंत्रालयले समझौतामा डी.जी.सी.ए. का फैज अहमद किदवई अनि जी.एस.वी.का कुलपति प्रोफेसर मनोज चौधरीले हस्ताक्षर गरेको बताएको छ । यस अवधी नागर विमानन मंत्री के. राममोहन नायडू, रेल मंत्री अश्विनी वैष्णव अनि डी.जी.सी.ए, रेल र जी.एस.वीका अन्य वरिष्ठ अधिकारीहरुको उपस्थिती रहेको थियो । यस अवसरमा नागर विमानन मंत्रीले भन्नु भयो , यस समझौता ज्ञापनले सरकार द्वारा भविष्यको लागि तयार गरिने कार्यबलको संदर्भमा समग्र विमानन क्षेत्रमा परिवर्तन ल्याउने छ । उहाँले भन्नु भयो प्रधानमंत्री नरेंद्र मोदीको नेतृत्वमा देशले पछिलो 12 वर्षमा अपार सफलता हासिल गरेको छ । उहाँले पछिलो 5 वर्षमा विशेष रूपले रखरखाव अनि मर्मत्ती क्षेत्र देशले उत्कृष्ट सफलता हासिल गरेको बताउनु भयो, जसको संख्या लगभग 160 देखि बढेर 240 भन्दा अधिक भएको छ । श्री वैष्णवले भन्नु भयो, जी.एस.वी ले पहिले नै विश्वव्यापी ख्याति अर्जित गरिसकेको छ अनि उद्योगको लागि तयार पेशेवरहरुलाई तयार गर्न 62 उद्योग भागीदार्हरु सित सहयोग स्थापित गरेको छ । उहाँले विकसित भारतको पहलको समर्थन गर्नको लागि जी.एस.वी मा सटीक विनिर्माण इंजीनियरिंगको लागि एक उत्कृष्ट केंद्र स्थापित गर्ने आह्वान गर्नु भयो ।

**निर्वाचन क्षेत्र का विवरण - पथानापुरम (केरल)**

केरलममा 9 अप्रैलमा विधानसभा चुनाव हुनेछ । निर्वाचन क्षेत्रको जानकारी सित जोडिएको हाम्रो विशेष श्रृंखलामा, आज हामी कोल्लम जिल्लको पथानापुरम निर्वाचन क्षेत्रको गर्नेछौ ।

**पश्चिम बंगाल-नामांकन**

पश्चिम बंगाल विधानसभा चुनावको नामांकन दाखिल गर्ने पहिलो दिन हिज कुल 78 उम्मीदवारहरुले नामांकन पत्र दाखिल गरे । पूर्वी मेदिनीपुरको नंदकुमार, महिषादल र नंदीग्राम निर्वाचन क्षेत्रमा तीन-तीन नामांकन दाखिल गरिएकोछ । पश्चिम मेदिनीपुरको खड़गपुर निर्वाचन क्षेत्रमा पनि तीन नामांकन दाखिल भएको छ ।

पश्चिम बंगालमा विपक्षका नेता सुवेंदु अधिकारीले पूर्वी मेदिनीपुर जिल्लको नंदीग्राम निर्वाचन क्षेत्रबाट नामांकन दाखिल गर्नु भयो । श्री अधिकारीको साथमा केंद्रीय मंत्री धर्मेंद्र प्रधान र भाजपाका पूर्व प्रदेश अध्यक्ष दिलीप घोष अनि अन्य वरिष्ठ पार्टी नेताहरु पनि उपस्थित थिए । भाजपाले, आगामी चुनावमा निर्णायक जीत हासिल गर्ने श्री अधिकारीले विश्वास व्यक्त गर्नु भयो ।

**ट्रंप- ईरान - धमकी**

अमरीकाका राष्ट्रपति डोनाल्ड ट्रंपले आज ईरानको ऊर्जा संसाधनहरु, जल शोधन संयंत्रहरु अनि अन्य महत्वपूर्ण बुनियादी ढांचाहरुलाई नष्ट गर्ने धमकी दिनु भएको छ। उहाँले ईरानसित युद्ध समाप्त गर्न चाडै कुनै समझौता नभएको स्थितीमा यस्तो कदम उठाउने चेतावनी दिनुभएको हो। यस युद्धका कारण पहिलेबाट नै तेल अनि प्राकृतिक गैसको वैश्विक

आपूर्ति, उर्वरकहरुको कमी अनि हवाई यात्रालाई बाधा पुगेको छ। श्री ट्रंपको यस धमकीमा ईरानको खारग द्वीप तेल निर्यात केंद्रको पनि उल्लेख गर्नुभयो, जसको बारेमा उहाँले एक समाचार चैनललाई दिनु भएको साक्षात्कारमा संकेत दिनु भयो कि अमरीकी सेनाले यसमा कब्जा गर्न सक्ने छ। ईरानले धमकी दिएको छ यदि उनको क्षेत्रमा आक्रमण गरिए, फारसको खाड़ीमा बारूदी सुरंग बिछाइने छ।

**एनटी. आईपीएल परिणाम**

आईपीएल क्रिकेटमा ,गुवाहाटीको बरसापारा क्रिकेट स्टेडियममा खेलिएको मैचमा राजस्थान रॉयल्सले चेन्नई सुपर किंग्सलाई आठ विकेटले पराजित गरेको छ । चेन्नई सुपर किंग्स द्वारा निर्धारित 128 रनको लक्ष्यलाई, राजस्थान रॉयल्सले मात्र दुइ विकेट गुमाएर 12 ओवर, एक बलमा हासिल गरे। वैभव सूर्यवंशीले राजस्थान रॉयल्सका लागि 17 बलमा 52 रनको तेज पारी खेले। यशस्वी जायसवाल 38 रनको साथ नटआउट रहे। चेन्नई सुपर किंग्सका लागि अंशुल कंबोजले दुइ विकेट लिए।